के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १ गते शनिबार ❑ 15 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

उद्घाटन भयो देशकै तेस्रो ठूलो हेटौँडा सबस्टेसन

रासस
काठमाडौं, ३२ जेठ

देशभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण तथा विस्तारका लागि मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ थानाभन्ज्याङमा निर्माण सम्पन्न भएको चार सय केभी क्षमताको हेटौँडा सबस्टेसनको उद्घाटन गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले शुक्रबार मुलुकको तेस्रो ठूलो ४००/२२०/१३२/११ केभी क्षमताको हेटौँडा सबस्टेसन उद्घाटन गर्नुभएको हो ।

उद्घाटन समारोहमा प्रधानमन्त्री दाहालले नेपालभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको करिब ४० मेगावाट विद्युत् बङ्गलादेशतर्फ निर्यात गर्न यथाशीघ्र तीन मुलुकका विद्युत् व्यापारमा संलग्न निकायबीच त्रिपक्षीय सम्झौता हुने जनाउँदै त्यसपछि नेपालको विद्युत् बङ्गलादेश निर्यात सुरु हुने बताउनुभयो । उहाँले बङ्गलादेश विद्युत् निर्यात सुरु हुने दिन नेपालको ऊर्जा विकास र विद्युत् बजार विस्तारका लागि थप महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

"केही दिनअघि भारतका समकक्षी नरेन्द्र मोदीजीको शपथ ग्रहण कार्यक्रममा जाँदा भएको भेटमा विगतमा गरिएका द्विपक्षीय सम्झौतालाई अझै सशक्तरुपमा कार्यान्वयन गर्ने, सीमा समस्या, पञ्जेश्वर जलविद्युत् आयोजनाको कार्यान्वयन, व्यापार तथा पारवहनलगायत विषयमा महत्वपूर्ण छलफल भएका छन्", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसबाट दुई मुलुकबीचको दीर्घकालीन विद्युत् व्यापार सम्झौता कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास लिएको छु ।"

उहाँले देशभित्र खपत गर्न नचाहेर भारततर्फ विद्युत् निर्यात गरिरहेको नबुझ्न सबैलाई आग्रह गर्नुभयो । देशभित्र खपत बढाउन अझै पनि पूर्वाधार अभाव रहेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री दाहालले पूर्वाधार सुधार तथा विस्तार गर्ने र खपत गरी बढी बचत भएको विद्युत् निर्यात आवश्यक रहेकोमा जोड दिनुभयो ।

प्रधानमन्त्री दाहालले विद्युत्को पहुँच विस्तार मात्र नभई आन्तरिकरुपमा विद्युत्को खपत बढाउन पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् सेवा प्रवाहका लागि विशेष ध्यान दिएर उच्च प्राथमिकताका साथ काम गर्न ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिनुभयो ।

"हेटौँडा सबस्टेसनलाई ढल्केबर सबस्टेसनसम्म जोड्ने चार सय केभी प्रसारण लाइन निर्माणमा विगत छ/सात वर्षदेखि अवरोध रहेको जानकारी पाएको छु । यस्तो रणनीतिक महत्वको प्रसारण लाइन निर्माणमा बाधक नबनी साधन बनिदिन स्थानीयलाई आग्रह गर्दछु", प्रधानमन्त्री दाहालले भन्नुभयो, "स्थानीय समुदायले उठाउनुभएका जायज मागलाई सम्बोधन गरी बाँकी काम तत्काल सम्पन्न गर्न सम्बन्धित पक्षलाई निर्देशित गर्दछु । साथै स्थानीय सरकार र प्रशासनलगायत सम्बन्धित निकायलाई विकास निर्माणमा आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गर्दछु ।"

'देशमा केही भएको छैन, केही हुँदैन' भन्ने नकारात्मक भाष्यले स्थान पाउन थालेको परिस्थितिमा यस्ता ठूला पूर्वाधार निर्माण सम्पन्न हुनुले आशाको सञ्चार गराउनुका साथै गलत भाष्य र चर्चालाई तथ्य र तथ्याङ्कसहित निस्तेज तुल्याएको उहाँले उल्लेख गनुभयो ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले देशभित्रको विद्युत् उपभोग क्षमता वृद्धि गरी बचत भएको विद्युत् निर्यात गर्ने र ऊर्जामा आत्मनिर्भर बन्ने योजनाका साथ काम अगाडि बढाइएको बताउनुभयो । उहाँले प्रसारण लाइन निर्माणमा रहेको मार्गाधिकारको समस्या समाधान गर्न जलविद्युत् आयोजनामा प्रभावितलाई शेयर उपलब्ध गराउने गरी कानुनी व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो । मार्गाधिकारमा परेका जग्गाको कित्ताकाटको समस्या नीतिगतरुपमै सम्बोधन गर्न पहल भइरहेको मन्त्री बस्नेतको भनाइ छ । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, मकवानपुरका

बाँकी अन्तिम पृष्ठमा ▶▶

नीति तथा कार्यक्रमबाटै हट्यो सुरुङमार्गको योजना

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा पाँच सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा भने त्यसलाई समेटेको छैन । मङ्गलबार सार्वजनिक नीति तथा कार्यक्रममा सुरुङमार्गबारे केही उल्लेख छैन ।

प्रदेश सरकारले चालु आवमा तनहुँको भिमाददेखि नवलपुरको डेढगाउँ, डेढगाउँ-झ्यालबास, बागलुङको बिहुँ-नरेठाँटी, म्याग्दीको दानादेखि मुस्ताङको घाँसा र लमजुङको शितलपाटी-नाल्फाफेँदी सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको थियो । आवको अन्त्यसम्ममा पनि सुरुङमार्गको सम्भाव्यता अध्ययनको काम अगाडि नबढेका बेला प्रदेश सरकारले आगामी आवको नीति तथा कार्यक्रमबाटै सो योजना हटाएको हो । प्रदेश सरकारले सम्भाव्यता अध्ययन गर्ने भनिएका पाँच सुरुङमार्गमध्ये बागलुङको बिहुँ-नरेठाँटी सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि यसअघि सङ्घ सरकारबाट बजेट परेर पनि कार्यान्वयन हुन सकेको छैन । वर्षौंदेखि चर्चामा रहेको उक्त सुरुङमार्गको सम्भाव्यता अध्ययन हुन नसकिरहेका बेला प्रदेश सरकारले थप चार स्थानमा सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको थियो । प्रदेश सरकारको नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले सुरुङमार्ग गत वर्ष नै नीति तथा कार्यक्रममा परेकाले यो वर्ष समावेश नगरिएको बताउनुभयो । "विकास साझेदारसँगको सहकार्यमा सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययनलगायतका काम अगाडि बढाउने योजनामा प्रदेश सरकार छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारको स्रोतले मात्र सुरुङमार्गको योजना कार्यान्वयन गर्न सम्भव देखिँदैन, यसमा सङ्घ सरकार र विकास साझेदार निकायको सहयोग चाहिन्छ ।" मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत पर्ने बिहुँ-नरेठाँटी सुरुङ मार्गको सम्भाव्यता अध्ययनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गत आवमा रु ५० लाख छुट्टाएको थियो । अध्ययनको काम अगाडि नबढेपछि उक्त बजेट 'फ्रिज' भएको बागलुङ-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य देवेन्द्र पौडेलले जानकारी दिनुभयो । काठेखोला गाउँपालिका-५ बिहुँदेखि गलकोट नगरपालिका-२ नरेठाँटी जोड्ने उक्त सुरुङमार्ग बनेमा लोकमार्गमा घन्टौँ लाग्ने यात्रा केही मिनेटमा छोटिने उहाँको भनाइ छ । पर्यटक तथा सर्वसाधारणको आउजाउदेखि त्यस क्षेत्रको आर्थिक/सामाजिक विकासमा उक्त सुरुङ मार्गले महत्वपूर्ण टेवा पुग्ने सांसद पौडेलले बताउनुभयो । "रातो किताबमै परेको आयोजना हो, अहिलेसम्म अध्ययनको काम अगाडि बढ्नुपर्ने हो, तर मन्त्रालयले बजेटको समस्या देखाउने गरेको छ", उहाँले भन्नुभयो, "यसमा हामीले सुरुदेखि नै पहल गरिरहेका छौँ ।" सङ्घीय सरकारको प्राथमिकतामा परेको कास्कीको हेम्जा-नयाँपुल सुरुङमार्गको पनि अझै विस्तृत सम्भाव्यता अध्ययन हुन सकेको छैन । पोखरा-बागलुङ राजमार्गमा पर्ने उक्त सुरुङमार्ग बनेमा डेढ घण्टाको सडक मार्ग १५ मिनेटमा समेटिनेछ । अहिले हेम्जा-नयाँपुलको दूरी ४० किमि छ । सुरुङमार्गले त्यसलाई सातदेखि आठ किमिमा घटाउने अनुमान गरिएको छ । यसले प्रदेश राजधानी पोखरालाई पर्वतसहित धौलागिरिका चारै जिल्लालाई जोड्छ ।

उक्त सुरुङमार्ग अध्ययनका लागि सङ्घ सरकारले गत आवमा रु एक करोड ५० लाख छुट्टाएको थियो । सुरुङमार्ग अध्ययनका लागि परामर्शदाता कम्पनीसमेत छनोट भइसकेको विभागले जनाएको छ । घुमाउरा सडक भएका पहाडी भूगोलमा सुरुङ मार्ग निर्माण गर्ने सङ्घीय सरकारको नीतिलाई प्रदेशले पनि पछ्याएको हो । सडक विभागले 'सुरुङमार्ग विकास कार्यक्रम'मार्फत सुरुङमार्गको निर्माण र सम्भाव्यता अध्ययनको काम गर्दै आएको छ ।

फ्लोर क्रस गर्नु भएका देवकोटा सांसद पदबाट मुक्त, अदालत जाने देवकोटाको तयारी

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

गण्डकी प्रदेश सभामा फ्लोर क्रस गर्नु भएको फडिन्द्र देवकोटाको सांसद पदबाट मुक्त हुनु भएको छ ।

गण्डकी प्रदेश सभामा नेकपा माओवादी केन्द्रका संसदीय दलको ह्विप उल्लंघन गरेको भन्दै देवकोटाको पद मुक्त भएको प्रदेश सभाका सभामुख कृष्णप्रसाद धितालले शुक्रबारको प्रदेश सभा बैठकमा सूचना सूनाउनु भयो । संविधानको धारा १८० मा प्रदेश सभा सदस्यको पद रिक्त हुने सम्बन्धी व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थान रिक्त रहेको भनी सभामुखले प्रदेश सभा नियमावली २०८० को नियम २०७ अनुसार प्रदेश सभामा जानकारी गराउनु भएको हो । यसरी रिक्त रहेको जानकारी प्रदेश सभा सचिवले प्रदेश मन्त्रिपरिषद र निर्वाचन आयोगलाई दिने र सो सम्बन्धी सूचना राजपत्रमा प्रकाशन गर्ने कानुनी व्यबस्था रहेको छ ।

सभामुखले उक्त सूचना सुनाएसँगै उहाँको मन्त्री पद मुक्त हुनु भएको छ । तर उहाँलाई ६ महिनाका लागि मन्त्रीमा नियुक्त गर्न सकिने व्यबस्था रहेको छ ।

माओवादी पार्टी र प्रदेश सभाका सभामुखको निर्णयविरुद्ध देवकोटा सर्वोच्च अदालत जाने बताउनु भएको छ । चुनावका वेला आफुहरुले गठबन्ध गरेकोले गर्दा चुनाब चिन्हः माओवादीको लिए पनि आफु भने नेपाल समाजवादी पार्टीको नेता भएको दाबी गर्नु भएको छ । माओवादीको यो निर्णय असंवैधानिक रहेको उहाँको ठहर रहेको छ । प्रदेश सभामा उहाँ माओवादी सांसदकै रुपमा रहनु भएको थियो ।

प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई विश्वासको दिने बेलामा उहाँले फ्लोर क्रस गर्दा पाण्डेका पक्षमा ३१ मत पुगेको थियो । पाण्डेका पक्षमा मत हालेको भोलिपल्टै देवकोटा प्रदेशको ऊर्जा तथा सिँचाइ तथा खानेपानी मन्त्री बन्नु भएको थियो ।

गण्डकी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । प्रदेशसभाको बैठकमा प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नीति तथा कार्यक्रम पारित गरियोस् भन्दै गर्नुभएको प्रस्ताव सभाले बहुमतले पारित गरेको हो ।

यस अघि नीति तथा कार्यक्रममाथिको छलफलमा प्रदेशसभा सदस्यहरूले भाग लिनुभएको थियो । छलफलमा सदस्यहरूले सरकारका नीति तथा कार्यक्रमहरू कार्यान्वयनयोग्य हुनुपर्ने बताउनुएको थियो ।

सरकारका काम कारवाहीले प्रदेशको औचित्य पुष्टि हुनुपर्नेमा जोड दिँदैसदस्यहरूलेसङ्घीयताको आकर्षण भनेको नै प्रदेश भएको उल्लेख गर्नुभयो ।

छलफलमा उठेका प्रश्नका जवाफ दिदै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसभामा उठेको विषयलाई आत्मसात गर्दै अघि बढ्ने बताउनुभयो । नीति तथा कार्यक्रममा सञ्चार क्षेत्रको प्रसङ्ग नियतवत नछुटाइएको उल्लेख गर्दै उहाँले चालु वर्षमा सञ्चार क्षेत्रलाई सरकारले प्राथमिकतामा राखेको र आगामी वर्ष पनि यसले निरन्तरता पाउने धारणा राख्नुभयो । पत्रकार बीमा, लेखनवृत्ति, लोककल्याणकारी विज्ञापनलगायतका व्यवस्थाले निरन्तरता पाउने बताउँदै उहाँले लामो समयदेखि रोकिएको आमसञ्चार विधेयकलाई अगाडि बढाएर पारित समेत गरेको उल्लेख गर्नुभयो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने विषय प्रदेश, मुलुकको मात्र नभै अन्तर्राष्ट्रिय विषय भएको बताउँदै उहाँले यहाँ अन्तरदेशीय उडानहरू हुनुपर्ने बताउनुभयो । यसका लागि प्रदेशले मात्र नभइ सङ्घीय सरकारले चाहनुपर्ने बताउँदै उहाँले यहाँबाट जाने गन्तव्य रहेको त्यहाँको सरकारले पनि चाहनुपर्ने बताउनुभयो ।

यसबारे पहलहरू भइरहेको र आज विहान मात्रै पनि पोखराबाट बङ्गलादेशमा सिधा हवाइ उडानका विषयमा छलफल भइरहेको बताउनुभयो ।

समाजवादलाई हेर्ने दृष्टिकोणहरू फरक फरक रहेको बताउँदै उहाँले यो समय र स्थानअनुसार पनि फरक हुने उल्लेख गर्नुभयो । प्रदेशसभाको अर्को बैठक भोलि दिउँसो ४ बजे बस्ने सभामुख कृष्णप्रसाद धितालले जानकारी गराउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

विश्वकप क्रिकेट: नेपालले दक्षिण अफ्रिकाको सामना गर्ने

रासस
काठमाडौं, ३२ जेठ

अमेरिका र वेस्टइन्डिजमा जारी आइसिसी टी ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह ‘डी’ अन्तर्गत नेपालले भोलि टेस्ट मान्यता प्राप्त राष्ट्र दक्षिण अफ्रिकाको सामना गर्दैछ।

वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाल रङ्गशालामा हुने उक्त खेल नेपाली समयअनुसार बिहान ५:१५ बजे सुरु हुनेछ । नेपालले दक्षिण अफ्रिकासँग सिनियर टोलीमा पहिलोपटक खेल्न लागेको हो । नेपाललाई विश्वकपको दोस्रो चरणमा पुग्नका लागि पनि दक्षिण अफ्रिकाविरुद्धको खेल जित्नै पर्ने बाध्यता छ । विश्वकपमा दक्षिण अफ्रिका समूह ‘डी’बाट सुपर आठमा पुगिसकेको छ। दक्षिण अफ्रिकाले यसअघि खेलेको तीन खेलमा तीनैमा जित हात पारेको छ । दक्षिण अफ्रिकाले श्रीलङ्का, बङ्गलादेश र नेदरल्यान्डसलाई पराजित गर्दै एक खेल अगावै सुपर आठमा पुगेको हो। त्यस्तै, नेपालले यसअघि दुई खेल खेलेकामा एक खेलमा हार तथा एक खेल बराबरी खेलेको थियो । पहिलो खेलमा नेपाल नेदरल्यान्डसँग पराजित भएको थियो भने श्रीलङ्काविरुद्धको खेल वर्षाका कारण रद्द भएको थियो, जसअनुसार दुवै टोलीले समान एक/एक अङ्क बाँडेका थिए।

नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलले दक्षिण अफ्रिकाविरुद्धको खेलमा आफ्नो टोलीले रामो खेलप्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले दक्षिण अफ्रिका बलियो राष्ट्र भएकाले यस खेलमा जित निकाल्न सबै खेलाडी सङ्गठित भएर खेल्ने बताउनुभयो।

विश्वकपअन्तर्गत समूह ‘डी’मा दक्षिण अफ्रिका छ अङ्कका साथ शीर्ष स्थानमा छभने चार अङ्क बटुलेको बङ्गलादेश दोस्रो स्थानमा छ। त्यसैगरी, दुई अङ्कका साथ नेदरल्यान्डस तेस्रो स्थानमा रहँदा नेपाल एक अङ्कका साथ चौथो स्थानमा छ । समान एक अङ्क नै बटुलेको श्रीलङ्का अन्तिम स्थानमा छ।

थोरोङ पिक हिमाल आरोहीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशको आयोजना एवम् नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रबर्द्धनमा आयोजित थोरोङ पिक हिमाल आरोहणगरेकाआरोहीलाईशुक्रबार पोखरामा नगरपरिक्रमासहित सम्मान गरिएको छ ।

प्रशिक्षकसहित नौ पर्वतारोहीले यही जेठ ३० गते थोराङ पिक हिमालको आरोहण गरेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार आरोहीहरूले पाँच हजार ४१६ मिटर उचाईको थोराङ पास हुँदै ६ हजार १४४ मिटर उचाईको थोराङ पिक आरोहण गर्नुभएको थियो । आरोहीको नगरपरिक्रमा एवम् सम्मान कार्यक्रममा गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले पर्वतारोहण पर्यटन नेपालको विशिष्टता भएको बताउनुभयो । गण्डकी प्रदेशमा रहेका अन्नपूर्ण, धवलागिरि, मनास्लु लगायतका हिमाललाई अपेक्षित रुपमा पर्यटकीय प्रवर्द्धन गर्न नसकिएको उल्लेख गर्दै उहाँले यसतर्फ सम्बद्ध सबैको ध्यान पुग्नु जरुरी रहेको बताउनुभयो।

हामीसँग जनशक्तिको अभावसँगै भएको जनशक्ति पनि प्रयोग हुन नसकेकोतर्फ ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले पर्वतीय पर्यटन नेपालको पहिचान भएकाले यसको उपयोग गर्नु आवश्यक भएको बताउनुभयो।

गण्डकी प्रदेशमा रहेका हिमाली चुचुरालाई पर्यटनसँग जोड्नु आवश्यक भएको उहाँको भनाइ छ । कार्यक्रम संयोजक एवम् नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्माले सङ्घकै आयोजनामा कोरोनालगत्तै ६ हजार १२ मिटरको धम्पुस पिक आरोहण गरिएको उल्लेख गर्दै थोराङ पिक आरोहणका विभिन्न अनुभव सुनाउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले गण्डकी प्रदेशका हिमाललाई आरोहण पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै यसका लागि दक्षजनशक्ति तयार गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका लेखा अधिकृत एवम् आरोहण दलका सदस्य सागर श्रेष्ठ, प्रमुख प्रशिक्षक पुरबहादुर गुरुङ, नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका पूर्वअध्यक्ष जीवनराज सापकोटा, सचिव मनसान्त घिमिरे, सल्लाहकार टीकाराम सापकोटालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

गण्डकीमा बाँदर प्रकोप नियन्त्रण गर्न कृषि हेरालो

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

गण्डकी प्रदेश सरकारले बाँदर प्रकोप नियन्त्रणका लागि कृषि हेरालो व्यवस्था गर्ने भएको छ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रस्तुत गर्नुभएको सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा बाँदरको अतिक्रमणबाट अत्यन्त प्रभावित क्षेत्रमा बालीनालीको संरक्षण गर्न समुदाय, स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा आवश्यकताका आधारमा कृषि हेरालोको व्यवस्था गरिने उल्लेख छ। स्थानीय तहसँगको समन्वयमा भूमि बैङ्कको निर्माण गरी ‘एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री स्मार्ट कृषि फर्म’ को सम्भाव्यता अध्ययन गरी सामूहिक एकीकृत कृषि विकास कार्यक्रम सञ्चालन गरिने सरकारको योजना छ।

नमूनाका रूपमा छनोट गरिएका उपयुक्त स्थानलाई अर्ग्यानिक गाउँका रूपमा रूपान्तरण गर्दै उत्पादित वस्तुलाई प्रमाणीकरण गरी मूल्य शृङ्खलामा जोड्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँगको आबद्धता स्थापित गरिने नीति तथा कार्यक्रममा भनिएको छ । एक वडा एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरिने उल्लेख गर्दै सरकारले किसानको उत्पादनलाई सङ्कलन एवम् बजारीकरण गर्ने स्थानीय तहको सहकार्यमा कृषि उपज सङ्कलन केन्द्रको निर्माण र प्रत्येक निर्वाचन क्षेत्रमा कृषि सडक विस्तारको कार्यलाई प्राथमिकता दिइने जनाएको छ।

चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिँदै एकै किसिमको बाली उत्पादन गर्न बाली विशेषअनुसार पूर्ण प्याकेजसहितको मिसन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा भनिएको छ। स्थानीय तहसँगको सहकार्यमा कित्तानापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइने उल्लेख छ।

रक्तदान जीवनदान
जीवनदान महादान

उद्‌घाटन ...

सङ्घीय सांसदहरू दीपकबहादुर सिंह र महेश बर्तौलाले स्थानीयका जायज मागलाई सम्बोधन गरी विकास आयोजना अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विगत सात/आठ वर्षको तुलानामा अहिले विद्युत् उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा गुणात्मक प्रगति भएको बताउनुभयो । जग्गा प्राप्ति ऐनमा अध्यादेशमार्फत गरिएको संशोधनले प्रसारण लाइनको निर्माणमा जग्गा प्राप्तिको समस्यालाई झनै जटील बनाएको उल्लेख गर्दै उहाँले उक्त संशोधन गरिएको व्यवस्थालाई संसद्बाट कानुन बनाउँदा विशेष ध्यान दिन अनुरोध गर्नुभयो।

प्राधिकरणका प्रसारण लाइन निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले हेटौंडा सबस्टेसनको निर्माण सम्पन्न भएसँगै करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्ने पूर्वाधार तथा अन्य संरचना तयार भएको जानकारी दिनुभयो । हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व-पश्चिम चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिक रुपमा विद्युत् आपूर्ति सुदृढ हुने र भारतसँगको विद्युत् व्यापार थप विस्तार हुने उहाँले उल्लेख गर्नुभयो । हेटौंडा सबस्टेसनलाई आवश्यकताअनुसार भविष्यमा थप विस्तार गर्दै जाने गरी निर्माण गरिएको आयोजना प्रमुख शुक्र देवकोटाले बताउनुभयो। अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने चार सय केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिने छ । यसका लागि हेटौंडा सबस्टेसनमा आवश्यक पूर्वाधार संरचना निर्माण गरिसकिएको छ । राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा-ढल्केबर इनरुवा चार सय केभी सबस्टेसन विस्तार आयोजना सुरु गरिएको थियो। आयोजनाअन्तर्गतका तीन वटै सबस्टेसन निर्माण सम्पन्न भएका छन् । हेटौंडा चार सय केभी सबस्टेसन निर्माणका लागि सन् २०१८ डिसेम्बरमा ठेक्का सम्झौता गरिएको थियो । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाअन्तर्गत निर्माण गरिएको २२०/१३२/११ केभी हेटौंडा सबस्टेसन निर्माणका लागि सन् २०१८ डिसेम्बरमा ठेक्का सम्झौता भएको थियो । ४००/२२०/१३२/११ केभी हेटौंडा सबस्टेसनको अनुमानित लागत रु तीन अर्ब रहेको छ।

विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारी र त्यसको नियन्त्रण तथा रोकथामका लागि लागू गरिएको बन्दाबन्दीले आयोजना निर्माण प्रभावित भएको थियो। कोरोना महामारीका कारणले सबस्टेसन जडान हुने विभिन्न उपकरण र प्राविधिक पूर्वनिर्धारित समयमा नै आयोजनास्थलसम्म आइनपुगेको तथा विविध कारणले आयोजनाको निर्माणमा केही ढिलाइ भएको थियो।

बिजय आधारभुत विद्यालयमा पोशाक वितरण

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

पोखरा महानगरपालिका वडा न १३ बिजयपुर स्थित श्री बिजय आधारभूत बिद्यालयमा अध्ययनरत आर्थिक कमजोर भएका १५ जना विद्यार्थीहरुलाई शुक्रवार विद्यालय पोशाक वितरण गरिएको थियो ।

न्यून आर्थिक अवस्था कमजोर भएका १५ जना विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको हो । नादा कलेक्सन पोखरा १३ गौडाकोमुखका प्रोपाइटर समाजसेवी कुमारी गुरुङद्वारा चेतनाका लागि सहयोगी हात नामक सस्थाका अध्यक्ष समाजसेवी तिलक गुरुङसँग समन्वयगरी पोशाक वितरण गरियो ।

बिद्यालय ब्यवस्थापन समितिका जेष्ठ सदस्य खम्बासिङ गुरुङ को अध्यक्षतामा भएको कार्यक्रममा बिद्यालय ब्यवस्थापन समितिका पुर्व अध्यक्ष एबम बौद्ध अर्घौ सदन रामघाटका पुर्व अध्यक्ष क्या. मनबहादुर गुरुङ , चेतनाका लागि सहयोगी हात नामक सस्थाका अध्यक्ष तिलक गुरुङ लगायतले सहयोगी दाताहरुलाइ धन्यवाद ज्ञापन सहित बिद्यालयको चौतर्फी बिकास बारे आफ्नो विचार राख्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शान्ति विश्वकर्माले स्वागत र विद्यालयका सूचना अधिकारी बलराम बरालले संचालन गर्नुभएको थियो । सोही दिन कार्यक्रममा बैशाख र जेठ महिनामा संचालित विभिन्न अतिरिक्त क्रियाकलापमा उत्कृष्ट बिद्यार्थीलाई पुरस्कार बितरण गरिएको थियो ।

त्यसैगरी कार्यक्रममा बिद्यालयमा नवनियुक्त शिक्षक डिलमाया अधिकारीलाई स्वागत गरियो ।

अधिवेशनपछि आन्तरिक एकतालाई थप बलियो हुन्छ अध्यक्ष नेपाल

रासस
काठमाडौं, ३२ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बिद्रोहपछि हुन लागेको पार्टीको ऐतिहासिक राष्ट्रिय अधिवेशन सफल बनाउन सबै कमिटीलाई निर्देशन दिनुभएको छ । अध्यक्ष नेपालले अन्तर पार्टी निर्देशन (अपानी) जारी गर्दै निर्धारित समयमा अधिवेशन सम्पन्न गरी पार्टीको आन्तरिक एकतालाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले कम्युनिष्ट आन्दोलनले स्थापनाकालदेखि नै अङ्गिकार गरेका मुलुकको राष्ट्रियता, जनताको जनजीविका, स्वतन्त्रता, लोकतन्त्र जस्ता विषयमा थप छलफल गरी सही कार्यदिशा भएको बलियो कम्युनिष्ट पार्टी निर्माणमा अधिवेशनले सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गर्नुभयो। अध्यक्ष नेपालले विधि र पद्धतिमा आधारित बलियो कम्युनिष्ट पार्टी निर्माण गरी कम्युनिष्ट आन्दोलनलाई एकतातर्फ अघि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो। पार्टीको आगामी असार १६ देखि २० गतेसम्म आसन्न महाधिवेशनमा प्रतिनिधि छनोटका लागि निर्देशिका तयार गरिएको छ।

प्रतिनिधि बन्नका लागि कम्तीमा तीन वर्ष पार्टी सदस्य भएको हुनुपर्ने भनिएको अपानीमा पार्टी निकट कमिटी तथा जनवर्गीय सङ्गठनबाट प्रतिनिधिको सङ्ख्या निर्धारण गरिएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा
धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति असार १ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।
हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि
नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

किशोर अवस्थादेखि नै आवश्यक छ छालाको स्याहार

डा प्रिया भुसाल

मौसम परिवर्तनसँगै छालामा समस्याहरु बढ्न थाल्छन्। मौसम अनुसार जाडो र गर्मीमा छालामा भिन्नाभिन्नै प्रकृतिका समस्याहरु देखिने गर्छन् ।

हावामा आर्द्रताको मात्रा बढेसँगै छालामा इन्फेक्सन समेत बढ्दै जान्छ। दाद तथा फंगल इन्फेक्सन महिला तथा पुरुष दुवैमा बढी गर्मीमा देखिने समस्या हुन् । गर्मी मौसममा विशेषगरी शरीरको पसिना बढी आउने भागमा दाद आउने गर्छ। त्यसैगरी यस समयमा जोसुकैलाई पनि ब्याक्टेरियल इन्फेक्सन बढी हुने गर्छ ।

गर्मी समयमा जाडोको तुलनामा छालामा बढी मात्रामा पिलो आउने गर्छ। शरीरमा कपाल आउने स्थानका प्वाल थुनिएर पनि पिलो आउने गर्छ । गर्मीमा बढी घाम लाग्ने तथा त्यसको असर छालामा पर्ने भएकोले चायाँ पोतो तथा डन्डीफोरको समस्याले बढी सताउँछ । पसिना धेरै आउने तथा हाइपर हाइड्रोसिसको समस्या समेत धेरै मानिसमा हुने समस्या हो। हातगोडामा अत्यधिक मात्रामा पसिना आउने समस्याले गर्मीमा धेरै मानिसलाई असहज बनाइदिन्छ ।

गर्मीमा बढ्छ फंगल इन्फेक्सन

घामको विकिरणका कारण धेरै मानिसमा घामको एलर्जी हुने गर्छ। शरीरका जुनसुकै भागमा रातो डाबरजस्तो फोकाहरु आउने

समस्या धेरैमा हुन्छ । शथरीरमा बढी गुम्सिने भागहरुमा गर्मीको समयमा फंगल इन्फेक्सन बढी हुने गर्छ ।

गर्मीमा छालाको स्याहार कसरी गर्ने ?

प्रत्येक मानिसले मौसममा आएको परिवर्तनसँगै स्किन केयर रुटिङ पनि परिवर्तन गर्नुपर्ने हुन्छ।

जाडो मौसममा छाला सुख्खा हुने समस्या धेरै मानिसमा हुन्छ। त्यतिबेला छालालाई सुख्खा हुनबाट कसरी जोगाउने भन्नेतर्फ ध्यान केन्द्रित हुने गर्छ । गर्मी मौसममा भने बढी पसिना आउने तथा तैलीय पदार्थहरु बढी आउने भएकोले त्यसै अनुसार छालाको हेरचाह गरिन्छ ।

गर्मी मौसममा छालामा लागि लाइट वेटका सौन्दर्य सामग्रीहरुको प्रयोग गर्नुपर्ने हुन्छ । जेलवेसका मोस्ट्राइजरहरुको प्रयोग गर्मी मौसममा उपयुक्त हुन्छ। त्यस्तै गर्मी मौसम तथा घामका विकिरणहरुबाट जोगिनका लागि गर्मी मौसममा सन्सक्रिमको प्रयोग अत्यावश्यक हुन्छ । चिकित्सकको सल्लाह तथा छालाको प्रकृति अनुसारका सामग्रीहरुको प्रयोग गर्नुपर्ने हुन्छ । यद्यपि, गर्मीयाममा छालामा सुख्खापनको समस्या एकदमै कम मानिसमा मात्रै हुने गर्छ । छालाको प्रकृति अनुसार क्रिमको छनोट र प्रयोग कसरी गर्ने ?

छालाको स्याहार कुन उमेरदेखि गर्ने भन्ने एक महत्वपूर्ण पक्ष हो। सामान्यतया बच्चाहरु ६ महिना पूरा भइसकेपछि बच्चाहरुमा समेत सन्सक्रिमको प्रयोग गर्नका लागि चिकित्सकहरुले सुझाव दिने गर्छन् । किशोर अवस्थामा शरीरमा विभिन्न प्रकारका हर्मोनल परिवर्तन हुने गर्छ। विशेषगरी किशोर अवस्थामा प्रवेश गरेपछि छालाको विशेष ख्याल गर्नुपर्ने हुन्छ । सामान्यतया १४ वर्ष पुगिसकेपछि छालाको स्याहारका लागि विभिन्न प्रकारका सामग्रीहरुको प्रयोग गर्नुपर्ने हुन्छ। छालाको स्याहारका लागि कस्मेटिकको सुरुवात गर्दाको समयमा छाला रोग विशेषज्ञको सल्लाह अनुसार अगाडि बढ्नुपर्ने हुन्छ ।

छाला स्याहार सम्बन्धी सचेतना बढ्दै

पछिल्लो समय छालाको हेरचाह सम्बन्धी सचेतना बढ्दै गएको पाइन्छ। पहिले-पहिले छालाको उपचार भन्ने बित्तिकै नाक खुम्च्याउने मानिसहरु पनि छालाको स्याहारमा सचेत भएको पाइन्छ । जसरी शरीरका अन्य अंगहरुको स्याहारका लागि समयसमयमा विभिन्न प्रकारका परीक्षणको आवश्यकता पर्ने गर्छ त्यसैगरी छालाको पनि स्याहार गर्नु आवश्यक हुन्छ ।

पछिल्लो समय बढ्दो वायु प्रदुषण, विकिरणको उच्च तह जस्ता कुराहरुले छालामा विभिन्न प्रकारमा समस्याहरु देखिने गरेका छन् । छालाको स्याहारमा लागि बेसिक स्किन केयरका साथै दैनिक खानपान तथा जीवनशैलीमा पनि विशेष ध्यान दिनुपर्ने हुन्छ ।

हरियो सागसब्जी, फलफूलको प्रशस्त मात्रामा प्रयोग, प्रशस्त मात्रामा पानीको प्रयोग छालाका स्याहारका साथै समंग्र स्वास्थ्यका लागि नै लाभदायक मानिन्छ ।

(छाला रोग विशेषज्ञ डा भुसाल मिराकल स्किन, हेयर एन्ड एस्थेटिक क्लिनिकमा कार्यरत छिन् ।)

विश्व बैंकको सहयोगमा सडक स्तरोन्नति हुँदै

पोखरापत्र संवाददाता
दमौली, ३२ जेठ

तनहुँको व्यास नगरपालिकाका चार वडा जोड्ने सडक स्तरोन्नति सुरु भएको छ । विश्व बैंकको सहयोगमा सहरी शासकीय तथा पूर्वाधार विकास आयोजनाअन्तर्गत व्यास नगरपालिका-७, ९, १० र ११ जोड्ने पराशर मार्ग स्तरोन्नति सुरु गरिएको हो ।

व्यास नगरपालिका-११ घाँसीकुवामा बिहीबार आयोजित कार्यक्रममा नगरप्रमुख वैकुण्ठ न्यौपानेले उक्त कार्यको शुभारम्भ गर्नुभएको हो । बुल्दीखोला-बेलटारी-फराकचौर-अधेरीभञ्ज्याङ-कुमालगाउँ-समता स्कुल-कलेस्ती सडक जोडिने उक्त खण्डमा १०.५५ किलोमिटर कालोपत्र हुनेछ । सडक स्तरोन्नतिका लागि रु ४० करोड ८३ लाख ३५ हजार नौ सय २१ मा निर्माण कम्पनी बिकेएचटिडिसिएल एसिपिएल जेभी कालीमाटीसँग सम्झौता भएको हो । उक्त सडकले व्यास नगरपालिका-११ स्थित बुल्दीखोला, बेल्टारी, फराकचौर, व्यास नगरपालिका-१० अधेरीभञ्ज्याङ, पोखेलफाँट, व्यास नगरपालिका-९ कुमालगाउँ, व्यास नगरपालिका-७ समता स्कुल, कलेस्तीलाई जोड्नेछ ।

सडक बनेको १८ वर्षपछि स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, ३२ जेठ

बेनी नगरपालिका-६ डाँडाबारीमा सडक निर्माण भएको १८ वर्षपछि कालोपत्र र ढलान भएको छ। विसं २०६४ मा निर्माण गरिएको महारानीथान-छाप-डाँडाखेत सडक योजनामार्फत बेनी नगरपालिका-६ को ढलेढुङ्गा-डाँडाबारी खण्डमा कालोपत्र भएको हो ।

गण्डकी प्रदेश सरकार र बेनी नगरपालिकाको साझेदारीमा सडक विस्तार, नाली, पर्खाल निर्माण गरी ढलान र कालोपत्र भएको बेनी-६ का वडाध्यक्ष कृष्णसिंह बानियाँले जानकारी दिनुभयो । “ आर्थिक वर्ष २०६४/६५ मा ‘ट्र्याक’ खोलिएको बेनी नगरपालिकाको ७, ६, ५ र ४ नम्बर जोड्ने यो सडक म्याग्दीको रणनीतिक महत्वको बेनी-दरवाङ सडकको बेनी-ठूलोखोला खण्डको वैकल्पिक मार्ग पनि हो”, उहाँले भन्नुभयो “आगामी आर्थिक वर्षका लागि प्रदेश समपूरक बजेटमार्फत यो सडक स्तरोन्नति गर्ने योजनालाई निरन्तरता दिन प्रस्ताव गरेका छौँ ।” चालु आवमा गण्डकी प्रदेश सरकारले रु ५० लाख र बेनी नगरपालिकाले रु ३० लाख विनियोजन गरेको रकमबाट महारानीथान-छापा-डाँडाखेत सडक स्तरोन्नति भएको हो ।

यो सडकको चार सय मिटर नाली निर्माण चार सय ५२ मिटर प्रिमिक्स प्रविधिको कालोपत्र, एक सय ३० मिटर ढलान भएको बेनी नगरपालिकाका इन्जिनियर दिपेश केसीले राससलाई जानकारी दिनुभयो । बेनी नगरपालिकाले गौरवको आयोजनाका रूपमा महारानीथानबाटछापहुँदैडाँडाखेततर्फ सडक स्तरोन्नति गर्ने योजनालाई निरन्तरता दिने नगरप्रमुख सुरत केसीले बताउनुभएको छ ।

म्याग्दीमा कृषि विकासका विविध कार्यक्रम कार्यान्वयनमा

पोखरापत्र संवाददाता
म्याग्दी, ३२ जेठ

जिल्लाको कृषि विकासका निम्ति गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु छ करोड लागतमा उत्पादन, संरक्षण र बजारीकरणका कार्यक्रम सञ्चालन गरेको छ ।

परम्परागत बालीको संरक्षण-प्रवर्द्धन र बजारीकरण, कृषि उत्पादन वृद्धि गरी कृषि उपज आयात विस्थापन गर्न कृषि कार्यक्रम सञ्चालन गरिएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ । यस वर्ष जिल्लामा रु पाँच करोड ९७ लाख ५२ हजारको कृषिका कार्यक्रम सञ्चालन भएकामा सबैभन्दा धेरै रु तीन करोड खायन प्रजातिको आलुखेतीमा खर्च भएको केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले राससलाई जानकारी दिनुभयो । कार्यक्रमअन्तर्गत जौँ, कोदो, लट्टे र फापरको प्रवर्द्धन गर्न चारवटा कृषि समूहमार्फत रु १० लाख खर्चेर विविध कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

त्यसैगरी फलफूल बगैँचा स्थापना कार्यक्रममार्फत रु ३० लाख लगानीमा २० हेक्टर जमिनमा २६ जना किसान र समूह छनोट गरेर कार्यक्रम सञ्चालन गरिएको छ भने फलफूल बगैँचाको सुदृढीकरण गर्न विभिन्न २३ वटा कृषि फार्मसँग सम्झौता गरेर कार्यक्रम कार्यान्वयन भएको छ । फलफूल नर्सरी स्थापना गर्न रु २० लाखमा बेनी नगरपालिकाको भकिम्ली र

धवलागिरि गाउँपालिकाका दुईवटा कृषि फार्मसँग ५० प्रतिशतको अनुदानमा कार्यक्रम सञ्चालन गरिएको छ ।

यसैगरी जिल्ला कृषि ज्ञान केन्द्रले कृषिजन्य उत्पादन बढाउन प्राङ्गारिक मल वितरण कार्यक्रम पनि सञ्चालन गरेको छ । सुन्तलाको उत्पादन बढाउन रु १० लाख लागतमा ६३ मेट्रिक टन मल वितरणको गरिएको केन्द्रले जनाएको छ । यस वर्ष विनियोजित रु १५ लाखको बजेटबाट मकैको उन्नत बीउ उत्पादन कार्यक्रम सञ्चालन भएको छ । यो कार्यक्रमअन्तर्गत बेनी नगरपालिकाको तोरीपानी र पाल्लेखेतमा दुई सय रोपनीमा मकै लगाइएको छ । कृषिजन्य कार्यक्रममार्फत जिल्लाका किसानको जीवनस्तर सुधार्ने, खेतीयोग्य जमिनको प्रयोग बढाउने र उत्पादन वृद्धिमा ज्ञान केन्द्रले जोड दिएको छ ।

आलुखेती विस्तार

जिल्लामा यस वर्ष एक हजार सात सय ५० रोपनीमा आलुखेती विस्तार गरिएको छ । जिल्ला कृषि ज्ञान केन्द्रका अनुसार आठ सय रोपनीमा हिउँदे आलु र नौ सय ५० रोपनीमा बर्खे आलु गरी एक हजार सात सय ५० रोपनी जग्गामा खायन प्रजातिको आलुखेती विस्तार गरिएको हो ।

हिउँदे आलुखेतीतर्फ जिल्लाभर १७ वटा कृषक समूह र एकवटा कृषि समूहमार्फत आठ सय रोपनीमा आलुखेती विस्तार गरिएको थियो । यसैगरी खायन प्रजातिकै बर्खे आलुखेतीतर्फ १५ वटा कृषक समूहमार्फत नौ सय ५० रोपनीमा आलुखेती विस्तार गरिएको छ भने खायन प्रजातिको हिउँदे आलु उत्पादन कार्यक्रमतर्फ अधिकांश बेनी नगरपालिका क्षेत्र र बर्खेतर्फ बेनीसहित रघुगङ्गा र धवलागिरि गाउँपालिका छन् ।

आलु तथा बेमौसमी तरकारीखेती प्रवर्द्धन कार्यक्रमका लागि रु २८ लाखको लागतमा १७ वटा फार्मलाई छनोट गरिएको छ । मसला तथा निर्यातयोग्य बाली अदुवा र बेसार उत्पादन गर्न मङ्गला गाउँपालिकाको बरजामा कार्यक्रम सञ्चालन भइरहेको केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो ।

नेपाल टेलिकम र मौसम विज्ञान विभागबीच सम्झौता

रासस
पोखरा, ३२ काठमाडौं

जल तथा मौसमजन्य विपद् जोखिमसम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सम्बन्धमा नेपाल टेलिकम र जल तथा मौसम विज्ञान विभागबीच सम्झौता भएको छ ।

नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आज भएको सम्झौतापत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सङ्गीता पहाडी (अर्याल) र जल तथा मौसम विज्ञान विभागका तर्फबाट महानिर्देशक डा जगदीश्वर कर्माचार्यले हस्ताक्षर गर्नुभयो । सम्झौताअनुसार जल तथा मौसम विज्ञान विभागले विपद्सम्बन्धी पूर्वसूचना मोबाइल एसएमएसमार्फत प्रवाह गर्न नेपाल टेलिकमलाई आवश्यक जानकारी उपलब्ध गराउने छ । बाढी वा विषम मौसमजन्य विपद् जोखिमको पूर्वसूचना तथा तत्सम्बन्धी जानकारी अनुमानित क्षेत्रमा प्रकोप आउनु अगावै सर्टकोड ११५५ मार्फत ती क्षेत्रका मोबाइल फोनवाहकले प्राप्त गर्न सक्नेछन् ।

सम्झौताअनुसार वर्षा, हावाहुरी, चट्याङ, हिमपहिरो, हिमपात/हिमआँधी, तातो हावाको लहर (लू), शीतलहर, वायु प्रदूषण, घुम्रपान, बाढी, आकस्मिक बाढी, पहिरो, हिमताल विस्फोटन, डढेलो जस्ता विपद्हरूको पूर्वसूचना उपलब्ध गराइनेछ ।

यसका लागि नेपाल टेलिकमले जल तथा मौसम विज्ञान विभागलाई ‘सेन्ट्रल सर्भर’मा प्रयोग गर्न पहिलेदेखि छसय सिम उपलब्ध गराइरहेकामा अब थप एक सय सिम गरी सात सय थान सिम उपलब्ध गराएको छ । सिममा प्रतिमहिना तीन सय एमबी डाटा निःशुल्क उपलब्ध छ । नेपाल टेलिकमले विसं २०७३ सालदेखि यस प्रकारको सूचना प्रवाहका लागि आवश्यक सहयोग गरिरहेको छ । विभागले सम्प्रेषण गर्ने पूर्वसूचना सन्देशहरू विसं २०७३ सालदेखि अनवरत रूपमा निःशुल्क ‘मास एसएमएस सेवा’मार्फत सर्वसाधारणमा पुऱ्याई विपद् जोखिम न्यूनीकरणका लागि अतुलनीय योगदान पुऱ्याएकामा नेपाल टेलिकमको भूमिकाको उच्च कदर गर्दै कदरपत्रद्वारा सम्मानित गर्दै आएको छ ।

अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१ को तयारी पुरा

स्मृति गाहा मगर/सविता गुरुङ
पोखरा, ३२ जेठ

“युवा एकता र विकासका लागि खेलकुद” भन्ने मुल नाराका साथ पोखरा महानगरपालिका वडा नं. २५ हेमजा अवस्थित हेमजा यूनाईटेडको आयोजना तथा पोखरा महानगरको संरक्षणमा असार १ गतेदेखि ७ गतेसम्म हुने अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१ को सम्पुर्ण तयारी पुरा भएको छ ।

खेलकुदको माध्यमबाट एकता भाईचारा बढाउदै खेलकुदमा अभिरुची जगाई नयाँ खेलाडी उत्पादनमा जोड दिने साथै गौरीशंकर खेल मैदान (गैरी) लाई स्तरोन्नती तथा संरक्षण गर्ने उदेश्यका आयोजन गरिएको प्रतियोगिताको विहीवार खेल तालिका सार्वजनिक गरिएको क्लब अध्यक्ष राजेश त्रिपाठीले जानकारी दिए । १४ टिमको सहभागिता रहेको प्रतियोगितको पहिलो खेल शनिबार आयोजक सेतो र वडा १ विच हने छ । उक्त खेलको शुभारम्भ महानगरपालिका नगर प्रमुख धनराज आचार्यको प्रमुख अथित्यतामा हुने प्रतियोगिता संयोजक इन्द्र कुँवरले जानकारी दिए । प्रतियोगितामा प्रथम पुरस्कार रु १,११,१११/- र द्धितिय पुरस्कार ५५,५५५/ - साथमा ट्रफी, मेडल र प्रमणपत्र साथै सर्वोकृष्ट खेलाडीलाई नगद ५,००० /-सर्वाधिक गोलकर्ता, गोलरक्षक, डिफेन्डर, मिडफिलड, फरवार्ड लाई प्रत्यक विधामा नगद रु २०००/- साथमा ट्रफी प्राप्त गर्ने छन। क्वाटरफाईनल देखिका खेलहरुमा म्यान अफ दि म्याच धोषित गरि ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ । खेल पोखरा-२५, हेमजा गौरीशंकर खेल मैदान-गैरीमा हुनेछ ।

तपाईको आज

मेष	: झमेला बड्ने	तुला	: सत्कार मिल्नेछ
वृष	: कार्यमा सफलता	वृश्चिक	: आर्थिक समस्या
मिथुन	: शुभ यात्रा	धनु	: मानसिक तनाब
ककर्ट	: स्वास्थ्यमा सुधार	मकर	: शारीरिक झमेला
सिंह	: सहयोग मिल्नेछ	कुम्भ	: ब्यापारमा लाभ
कन्या	: अप्रत्यसित लाभ	मीन	: शत्रुको भय

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

बक्र ईदका अवसरमा असार ३ गते सार्वजनिक बिदा

रासस
पोखरा, ३२ जेठ

सरकारले आगामी असार ३ गते सोमबार परेको इस्लाम धर्मालम्बीहरूको पर्व बक्र ईद(उल-अजहा)का अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

हाल मन्त्रालयले सूचना जारी गरी बक्र ईदका अवसरमा बिदा दिने निर्णय गरेको हो । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गरेको उक्त सूचनामा गत माघ २९ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार उक्त पर्वका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको उल्लेख छ ।

व्यास नगरपालिकाको पुनः मतगणना स्थगित

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

तनहुँको व्यास नगरपालिकाको प्रमुखका पुनःमतगणना स्थगित भएको छ । उच्च अदालत पोखराको फैसलाबमोजिम आगामी असार २ गते पुनःमतगणना हुने भनिएकामा उच्चकै आदेशबमोजिम मतगणना रोकिएको हो ।

यही जेठ १ गते उच्च अदालतले पुनःमतगणना गर्न आदेश दिएको थियो ।

सो फैसलाविरुद्ध नगरप्रमुख वैकुण्ठ न्यौपानेले यही जेठ २४ गते सर्वोच्चमा रिट दर्ता गर्नुभएको थियो । सो रिट सर्वोच्चमा सुनुवाइ हुन बा‘की छ । उक्त सुनुवाइको पेसी आगामी असार २ गतेलाई सरेको छ । यसअघि जेठ २७, २८ र २९ मा हेर्न नभ्याइनेमा परेको थियो ।

सर्वोच्चमा परेको रिट किनारा नलागेसम्म असार २ गतेलाई हुने भनिएको मतगणना स्थगित गरिएको उच्च अदालत पोखरा सूचना अधिकारी विश्वनाथ अर्यालले जानकारी दिनुभयो । नगरप्रमुख न्यौपानेले पुनः मतगणना स्थगितका लागि उच्च अदालतमा समेत निवेदन दर्ता गर्नुभएको थियो ।

दुई जिल्लाको सिमानामा जडीबुटी अनुसन्धान केन्द्र

पोखरापत्र संवाददाता
बागलुङ, ३२ जेठ

जिल्लाको तमानखोला गाउँपालिकाको पर्यटकीयस्थल सोलेडाँडालाई जडीबुटी अनुसन्धान केन्द्र बनाइने भएको छ। समुद्री सतहदेखि दुई हजार सात सय मिटरको उचाइमा रहेको सोलेडाँडा म्याग्दी र बागलुङको सिमानामा पर्दछ।

उच्च पहाडी क्षेत्रमा रहेको सोलेडाँडालाई पर्यटकीय केन्द्रसँगै जडीबुटी अनुसन्धान केन्द्र बनाउन थालिएको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलला बुढामगरले बताउनुभयो । गाउँपालिकाले अघिल्लो वर्षदेखि अनुसन्धान केन्द्र निर्माण गर्न थालेको उहाँको भनाइ छ। सोलेडाँडा र यस क्षेत्र आसपासमा पाइने सबै प्रकारका जडीबुटीको नमूना सङ्कलन गरी विद्यार्थी तथा अन्य व्यक्तिका लागि अनुसन्धान थलोका रुपमा विकास गरिने अध्यक्ष बुढामगरले बताउनुभयो।

अनुसन्धान केन्द्रमा गाउँपालिकाभरिका जङ्गल तथा तीन हजार पाँच सय मिटरको उचाइसम्म पाइने जडीबुटी सङ्कलन गरिने उहाँले जानकारी दिनुभयो। तमानखोलाको मात्रै नभई ढोरपाटनमा पाइने जडीबुटी पनि ल्याउने योजना रहेको उहाँको भनाइ छ। उच्च पहाडी क्षेत्रमा पाइने जडीबुटीको खोजी गरेर नमूना सङ्कलन गर्ने तथा जडीबुटीको महत्व र गुणकाबारे प्रचारप्रसार गरिने अध्यक्ष बुढामगरले बताउनुभयो। उहाँका अनुसार पालिकाले हालसम्म करिब रु १० लाख खर्च गरेर केन्द्र निर्माण गरिरहेको छ।

योसँगै पालिकाले सोलेडाँडामा रु ५० लाख लगानीमा पर्यटन पूर्वधारसहित सहिद पार्क निर्माण गरेको छ। पर्यटनको विकाससँगै अनुसन्धान केन्द्रले सोलेडाँडामा धेरै पर्यटक आकर्षित गर्ने अपेक्षा लिइएका छ । "सोलेडाँडा जिल्लाका साथै वरपर निकै चर्चित छ। यहाँ आन्तरिक पर्यटकको आगमन बाक्लो छ, अनुसन्धान केन्द्रले थप पर्यटक तथा खोज/अनुसन्धान गर्ने विद्यार्थीलाई आकर्षित गर्नेछ", अध्यक्ष बुढामगरले भन्नुभयो, अनुसन्धान केन्द्र बनाएसँगै यहाँ पाइने जडीबुटीको पहिचान हुन्छ। त्यसको महत्व आमनागरिकलाई बुझाउन तथा बजारसँग जोड्ने सहज हुन्छ। यसले स्थानीयको आर्थिक स्तर वृद्धि हुनुका साथै अझै धेरै पर्यटक बढ्ने छन्।"

स्थानीय मीनबहादुर सिर्पालीले सोलेडाँडामा अनुसन्धान केन्द्र सञ्चालनमा आएपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने बताउनुभयो । अहिले स्थानीय उत्पादनले खासै बजार नपाएको भन्दै दुई/चार वर्षपछि गाउँबाटै बिक्री हुने उहाँको भनाइ छ। अहिले पनि सोलेडाँडामा दैनिक पर्यटक आउने गरेका भन्दै गाउँपालिकाले अनुसन्धान केन्द्र बनाउँदा यस क्षेत्रका नागरिकले बढी लाभ लिन सक्ने सिर्पालीले सुनाउनुभयो। यो क्षेत्र भौगोलिक हिसाबले पिछडिएको जनाउँदै पछिल्लो समय विस्तारै विकासले गति लिन थालेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो।

खडेरीले बारीमै सुक्यो कोदो, किसान चिन्तित

पोखरापत्र संवाददाता
पर्वत, ३२ जेठ

केही दिनयताको अत्यधिक गर्मी र खडेरीका कारण पर्वतका कृषकले रोपेको कोदो बारीमै सुक्न थालेको छ।

जिल्लाका अधिकांश भागमा जेठ दोस्रो सातादेखि कोदो रोपाइँ सुरु भएको थियो। लामो समयसम्म नपरेको वर्षा र अत्यधिक गर्मीका कारण रोपेको कोदो सुकेर नष्ट भएको कृषकले गुनासो गरेका छन्। पर्वतमा धानबाली पछि कोदो दोस्रो मुख्य बाली हो। बारीमा लगाएको मकै गोडमेल गरेर कोदो रोपेका कृषक वर्षा नभएपछि चिन्तित हुन थालेका छन्। जनशक्तिको अभावमा बल्लतल्ल रोपेको कोदो खडेरीले नष्ट गरिदिएको कुश्मा नगरपालिका-१२ की कृषक राधाकुमारी सापकोटाले बताउनुभयो । "दुई दिन लगाएर कोदो रोपियो, यही बेला पानी परेन, पूरै सुकेर नष्ट भइसक्यो।"

एकपटक रोपेको ठाउँमा फेरि वर्षा भएपछि पुनः रोप्नुपर्ने अवस्था आएको कृषकले गुनासो गरेका छन्। पर्वतका ६१ वटै वडामा कोदोखेती हुँदै आएको छ । पछिल्लो केही वर्षयता कोदोको माग गाउँ, सहर र विदेशमा समेत निर्यात हुने क्रम बढेपछि पर्वतमा कोदो खेतीतर्फ आकर्षण बढ्दै गएको छ । कोदो रोपेर धान रोप्ने तयारी गरेका कृषक बारीमै कोदो सुकेर नष्ट भएपछि समस्यामा परेको फलेवास नगरपालिका-५ का कृषक धर्मराज पौडेलले बताउनुभयो।

धानखेती हुने ठाउँमा सिँचाइको सुविधा हुने भए पनि पर्वतका अधिकांश क्षेत्रको बारीमा भने वर्षाकै भरमा खेती गरिँदै आएको छ । खडेरीसँगै अत्यधिक गर्मीले जनजीवनसमेत प्रभावित बनेको छ। पर्वतमा यस वर्ष सबैभन्दा धेरै ३५ डिग्री सेल्सियससम्म तापक्रम पुगेको छ। कृषि ज्ञान केन्द्र पर्वतका बागवानी विकास अधिकृत शङ्कर पौडेलले जिल्लाका अधिकांश ठाउँमा कोदो रोपाइँ भइरहेको बताउनुभयो। खडेरीका कारण रोपेको कोदो सुक्दै गएको गुनासो आएको भन्दै पौडेलले क्षतिको यकिन विवरण भने आइनसकेको बताउनुभयो । पालिकामार्फत खडेरीले कोदोखेतीमा पुऱ्याएको क्षतिको तथ्याङ्क सङ्कलनको काम भइरहेको पौडेलको भनाइ छ। कार्यालयले गत वर्षदेखि कोदोबाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषकलाई विभिन्न सहयोगसमेत गर्दै आएको छ। कृषि ज्ञान केन्द्र पर्वतले रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कोदो उत्पादन गर्ने कृषकलाई अनुदान दिन थालेको छ। चालु आर्थिक वर्षमा थप साढे २८ हेक्टर क्षेत्रफलमा कोदो खेती विस्तारका लागि केन्द्रले सहयोग गरेको हो । कोदो खेती गर्ने कृषकलाई यान्त्रिकीकरणमा सहयोग गरिएको कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख पर्शुराम अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार चालु आवमा रु पाँच लाख कोदो बालीको प्रवर्द्धनका लागि कृषकलाई वितरण गरिएको छ । कृषकलाई यान्त्रिक हलो र थ्रेसर मेसिन उपलब्ध गराइएको छ। यसले बाँझो बारी खनजोत गर्न र उत्पादन भइसकेपछि कोदो झार्न सहज हुने भएको छ। कृषकलाई कार्यबोझ घट्नुका साथै उत्पादन लागतसमेत कम होस् भन्ने उद्देश्यले यान्त्रिकीकरणमा सहयोग गरिएको कार्यालयले जनाएको छ। पर्वतमा झापे, डल्ले, मङ्सिरे र स्थानीय जातको कोदो उत्पादन हुँदै आएको छ। जिल्लाको आठ हजार तीन सय ४० हेक्टर क्षेत्रफलमा कोदोको उत्पादन हुने अधिकारीले बताउनुभयो। यस वर्ष पर्वतमा आठ हजार तीन सय १० मेट्रिक टन कोदो उत्पादन भएको थियो।

जसमध्ये पाँच हजार एक सय ७५ मेट्रिक टन कोदो निर्यात भएको कार्यालयले जनाएका छ। कोदो बाली लगाउने बेला वर्षा नहुँदा आगामी वर्ष उत्पादनमा केही गिरावट आउन सक्ने कार्यालयले जनाएको छ। कोदोको बीउ निर्धारित समयमै रोप्न सकिएन भने उत्पादन कम दिने कार्यालयको भनाइ छ।

विश्व रक्तदाता दिवस: मैले त रक्तदान गरे, तपाईंले नि ?

रासस
काठमाडौं, ३२ जेठ

"मेरो एक पिन्ट रगतले तीनजना बिरामीको ज्यान बाँच्नसक्छ, त्यसैले मैले त रक्तदान गरेँ, तपाईंले गर्नुभयो ?" विश्व रक्तदाता दिवसका अवसरमा शनिबार ५४औँ पटक रक्तदान गरेपछि इन्द्र श्रेष्ठले भन्नुभयो।

२०औँ विश्व रक्तदाता दिवसका अवसरमा यहाँ आयोजित कार्यक्रममा उहाँले सबैलाई रक्तदान गर्न आह्वान समेत गर्नुभयो। साथै रक्तदान कुन उमेर र कति समयमा गर्नेलगायतका विषयमा चर्चा पनि गर्नुभयो। भक्तपुरमा नेपाल रेडक्रस सोसाइटीले बिहान जनचेतनामूलक कार्यक्रम गर्नाका साथै रक्तदानमा टेवा पुऱ्याउने विभिन्न सङ्घसंस्था तथा रक्तदाता एक सयभन्दा बढीलाई सम्मान गरेको छ। अठार वर्षको किशोरावस्थामा प्रवेश गरेसँगै रक्तदान गर्न सकिने नेपाल रेडक्रस सोसाइटी केन्द्रीय उपमहामन्त्री एवं भक्तपुर शाखाका पूर्वसभापति मनोजककुमार थापा बताउनुहुन्छ । उहाँले किशोरकिशोरीले आफ्नो जन्मदिनको अवसर, विवाहोत्सव र अन्य पर्वका अवसरमा रक्तदान गर्न प्रेरणा दिन सके देशमा चुलिएको रगत अभावलाई कम गर्न सक्ने बताउनुहुन्छ। एक स्वस्थ्य व्यक्तिले वर्षमा चारपटकसम्म रक्तदान गर्न सक्ने भएकाले युवायुवतीलाई रक्तदानमा आकर्षित गर्न सके नेपालमै रगतको अभाव नहुने उहाँको भनाइ थियो ।रगतविना जीवनको परिकल्पना गर्न सकिँदैन भन्दै वाग्मती प्रदेशसभा सदस्य एवं नेपाल रेडक्रस सोसाइटीका पूर्वउपसभापति किरण थापाले आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै भएकाले रक्तदाता संस्थाले वर्षमा कम्तीमा तीनपटक रक्तदान कार्यक्रमको आयोजना गर्ने अभियान चाल्नुपर्ने बताउनुहुन्छ। कुनै पनि बेला जोसुकैलाई रगत चाहिन सक्छ भन्दै उहाँले बिरामी अस्पताल पुगेपछि रगतकै लागि आउने फोन र सोर्सफोर्सको अन्त्य गर्ने गरी रगतको उपलबध गराउने गरी अभियान चाल्नुपर्ने बताउनुहुन्छ । कस्ता मानिसहरूले रक्तदान गर्न सक्छन् ?

एक स्वस्थ र निरोगी मानिसले रक्तदान गर्न सक्छन् । शरीरको रक्तचाप सामान्य अवस्थामा रहेका व्यक्तिले, ४५ किलोग्रामभन्दा बढी तौल भएका १८ वर्षदेखि ६५ वर्षसम्मका स्त्री तथा पुरुषले रक्तदान गर्न सक्छन्। तर दीर्घकालीन रूपमा औषधि सेवन गरिरहने व्यक्तिहरू, रोगको उपचार गरिरहेका व्यक्तिहरू, महिनावरी भएको समयमा, ज्वरो, पखाला वा अन्य सरुवा रोगहरूले सताएको अवस्थामा, बच्चालाई दूध चुसाउने महिला, गर्भवती, रगतको कमी भएका व्यक्तिहरू, मुटुरोग भएका जस्ता व्यक्तिले भने रक्तदान गर्न नहुने भक्तपुर अस्पतालकी कार्यकारी निर्देशक डा सुमित्रा गौतम बताउनुहुन्छ। रक्तदान गर्दा कमजोरी हुन्छ, शरीरको प्रतिरोधात्मक शक्ति घटेर धेरै रोगहरूले सताउँछ,, शरीरको रक्तचाप अस्थिर हुन्छ, धेरै दिनसम्म आराम चाहिन्छ, रोगहरू सर्छ, दुखाइ धेरै हुन्छ, रक्तदान गरेको हात पछि गएर सुक्छ, कपाल झर्छ, आँखा कमजोर हुन्छ भन्ने गलत प्रचारले पनि रक्तदान गर्न हिच्किचाउने गरेको उहाँको अनुभवछ।

रक्तदानले यस्तो हुन्छ फाइदा

रक्तदानले शरीरमा स्फुर्ती ल्याउने, रोगसँग लड्ने क्षमताको विकास हुने, मुटु स्वस्थ रहनाका साथै शरीरमा आइरन तथा राता रक्त कोषिकाको मात्रा सन्तुलित गर्ने, शरीरको तौल सन्तुलित हुने, कलेजो क्यान्सरको जोखिम कम गर्ने, रक्तचापलाई सन्तुलित राख्न सहयोग गर्ने, हड्डीको घनत्व बढाएर हड्डी तथा जोर्नीहरूलाई बलियो बनाउने, रगतमा भएको ज्यादा कोलेस्ट्रोल र अनावश्यक बोसोको मात्रालाई कम गर्ने जस्ता फाइदा हुने रेडक्रसकर्मी एवं चिकित्सकहरू बताउँछन्। मानव जीवनमा निश्चित समयमा रगत बन्ने र बिग्रने प्रक्रिया चलिनैरहन्छ । यसलाई शरीरमा साँचेर राखे पनि आफैँ बिग्रेर जान्छ र नयाँ रगत उत्पादन हुन्छ।

कहिलेदेखि सुरु भयो रक्तदान

नेपालमा विसं २००० सालदेखि रक्तदानको सुरुआत भएको र समाजसेवी दयावीरसिंह कंसाकारले नेपालमा पहिलोपटक रक्तदान गरेसँगै 'रक्तदान जीवनदान' अभियान सुरु भएको मानिन्छ । तत्कालीन राजा महेन्द्रले रक्तदान गरी यो अभियानलाई टेवा पुऱ्याएको उल्लेख छ । नेपाल स्वयम्सेवी रक्तदाता समाजका केन्द्रीय अध्यक्ष प्रेमसागर कर्माचार्यले अहिलेसम्म एक सय ७८औँ पटक रक्तदान गरेर धेरै पटक रक्तदान गर्नेको सूचीमा पर्नुभएको छ। नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत माग हुने गरे पनि आपूर्ति भने निकै कम छ। अधिक रक्तस्रावका बिरामी, दुर्घटनाका बिरामी, प्रसूति, मुटु, क्यान्सर, मिर्गौला, मस्तिष्कलगायतको शल्यक्रियामा रगत अनिवार्य चाहिन्छ भने थालासेमिया, ल्युकेमियालगायत रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताका बिरामीलाई तारन्तार रगत चाहिरहन्छ। पुरुषमा प्रतिकेजी ७६ मिलिलिटर र महिलामा प्रतिकेजी ६६ मिलिलिटर रगत हुन्छ, तर हरेक मानिसलाई प्रतिकेजी ५० मिलिलिटर रगत भए पर्याप्त हुन्छ । यस्ता विषयमा पर्याप्त जानकारी दिन नसक्दा रक्तदाताको सङ्ख्या बढाउन नसकिएको जनाइएको छ। रगतको वर्गीकरण ए, बी, ओ तथा एबी र पोजिटिभ एवं नेगेटिभ भनेर गरिएको हुन्छ। नेपाल रक्तसञ्चार केन्द्रले यो रगत समूहका व्यक्तिहरूको नाम, ठेगाना र सम्पर्क नम्बरलगायतका लगत राख्ने गरेकाले आवश्यक पर्दा मोबाइल वा एसएमएसबाट यो समूहको रगतको खोजी गर्न सकिन्छ। यसमा पनि ओ नेगेटिभ समूहको रगत पाउन निकै गाह्रो छ। रेडक्रस सोसाइटी भक्तपुर शाखाले अहिलेसम्म २९ हजार पिन्टभन्दा बढी रगत सङ्कलन गरेको र ५१ हजार पिन्टभन्दा बढी रगत वितरण गरेको शाखाका सभापति परशुराम पाण्डे बताउनुहुन्छ । नेपालमा अहिले शून्य दशमलव ९२ प्रतिशत नागरिकले मात्रै रक्तदान गरेका छन् । कूल जनसङ्ख्याको दुई प्रतिशतले मात्रै रक्तदान गर्ने हो भने पनि नेपालमा रगतको अभाव नहुने उहाँ बताउनुहुन्छ । उहाँले रगत नपाए भक्तपुर जानु भन्ने अभियानलाई अहिलेसम्म पूरा गर्दै आएको बताउँदै उहाँले रगतको माग अत्यधिक रहेको तर सङ्कलन कम रहेकाले यो अभियानलाई शतप्रतिशत उपलब्धिमा पुऱ्याउन प्रयास गरिरहेको र अहिले ५१ प्रतिशत पूरा गरेको बताउनुभयो । उहाँले भक्तपुरबाट रगतको किनबेचको अवस्था अन्त्य गरेको बताउँदै अहिले उपत्यकाका तीन जिल्लासँगै धादिङ, नुवाकोट, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, पशुपतिको माडवारी सेवा समितिबाट पनि रगत सङ्कलन गरिरहेको बताउनुभयो । बिरामीका लागि चिकित्सकले रगत आवश्यक भनेर लेखिदिने बित्तिकै ठूलो तनावको अवस्था आउने भएकाले त्यस्तो तनाव नलिई भक्तपुरमा आउन उहाँले आह्वान गर्नुभयो।

२० औं विश्व रक्तदाता दिवसमा सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ

नेपाल रेडक्रस सोसाइटी पोखरा-१० लैङ्गिक तथा सामाजिक समावेशिकरण उपसमितिको आयोजनामा आयोजित २० औ विश्व रक्तदाता दिवसको अवसरमा आयोजित सचेतना कार्यक्रम कालिका मा.बि. को सभा हलमा सम्पन्न भएको छ।

उक्त रक्तदाता सचेतना कार्यक्रममा वडा नं १० का वडा अध्यक्ष राजेश गुरूङ्गको प्रमुख अतिथिमा हेनरी ड्यूनाको तस्विरमा माल्यार्पण र ल्यापटपको इन्टर बटन क्लिक गरि रक्तदाता सचेतना कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो। उक्त सचेतना कार्यक्रमले हामी लगायत अब आउने नयाँ पडीलाई रक्तदान गरी रक्तदाता बन्न प्रेरित गराउन सफल रहि अब उप्रान्त रगतको अभावबाट कसैलाई रगतको समस्या हुन नदिन यो रक्त दाता सचेतना कार्यले सहयोग गर्ने बताउनु भयो। नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका लैङ्गिक तथा समाजिक समावेशिकरण उपसमितिका सदस्यहरूको बिशेष उपस्थितमा कालिका माध्यमिक बिद्यालय रामबजारका ८, ९ र १० कक्षामा अध्ययन छात्र छात्रा हरूको सहभागितामा विद्यालयका शिक्षक शिक्षिकाहरूको उपस्थितीमा आयोजित रक्तदाता सचेतना कार्यक्रममा प्रमुख प्रशिक्षक नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्की प्रादेशिक

रक्त संकलन केन्द्रका स्टाफ नर्स यमुना केसीले विद्यार्थी लगायत सबैलाई बुझ्ने शैलीमा रक्तदान भनेको के हो मानबको शरीरमा कति रगत हुन्छ रगत सबै एकै स्वरुपका हुदैनन, कस्ता कस्ता बाट रक्तदान गर्न मिल्छ र कस्ता कस्ता औषधि सेवन गर्नेले दिन मिल्छ र कस्ता कस्ता बिरामी र औषधि सेवन गर्नेले रक्तदान गर्न मिल्दैन भन्ने बारेमा जानकारी गराउनु हुदै सबैमा रक्तदान गर्नुपर्ने प्रेरणा दाएक प्रशिक्षण दिनुभयो।

नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका निबर्तमान सभापती सम्मर बहादुर श्रेष्ठले ४५ बर्ष पहिलेको आफ्नो अनुभव प्रस्तुत गर्नुहुदै ४५ बर्ष पहिलेको रक्तदान, हिजो को रक्तदान र आजको रक्तदानका बिषयमा जानकारी गराउनु हुदै हरेक तिन तिन महिनामा आफै नस्टहुने रगतलाई रक्तदान गरि जीबनदान र महादान गर्नुपर्ने बताउनु भएको थियो । उक्त रक्तदाता सचेतना कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापती जीबन श्रेष्ठ, कालिका मा. बि. विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष दिपक बहादुर थापा, कालिका मा. बि. का प्रधानाध्यापक बलराम गिरी र नेपाल रेडक्रस सोसाइटी कालिका मा.बि. यूवा सर्कलका अध्यक्ष पूर्ण बहादुर गुरुङ, लगायतका ब्यक्तिहरूले आ-आफ्नो बिचार ब्यक्त गर्नु भएको थियो।

उक्त सचेतना कार्यक्रममा उप समितिका कोषाध्यक्ष लक्ष्मी राजभण्डारीले रेडक्रसका सात सिद्दान्त बाचन गर्नु भएको कार्यक्रममा उपशाखा १० लैङ्गिक उपसमितिका सदस्य गोमा पौडेलले उपस्थित सबैलाई स्वागत मन्तव्यद्वारा स्वागत गरिएको थियो।

उक्त सचेतना कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखा लैङ्गिक तथा सामाजिक समावेशिकरण उपसमितिका संयोजक लेक माया पुनको सभाध्यक्षतामा सम्पन्न तालिम को उप समितिका सचिव जानुका थापा अधिकारीले संचालन गरेकी थिइन।

क्याम्पस प्रमुख कुशवाहाको गोली हानी हत्या

रासस
काठमाडौं, ३२ जेठ

अज्ञात समूहको गोली प्रहारबाट कलैयास्थित रामराजा मोहनविक्रम साह बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको मृत्यु भएको छ । अज्ञान समूहले गोली हानेर कुशवाहाको हत्या गरेको जिलला प्रहरी कार्यालयका बाराका प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिनुभयो। आदर्शकोतवाल गाउँपालिका-२ खजुरियास्थित पुर्ख्यौली घरबाट मोटरसाइकलमा कलैया फर्कने क्रममा आदर्शकोतवाल गाउँपालिका-३ बतरा गाउँको दक्षिणमा रहेका लंगहासन माई मन्दिर अगाडि कुशवाहामाथि गोली प्रहार भएको थियो । दुईवटा मोटरसाइकलमा आएका चार जना सवार अपराधीले कुशवाहाको बाटो छेकी पिँठ्यूमा एक राउण्ड गोली प्रहार गरी भागेका थिए । गोली लागि गम्भीर घाइते भएका कुशवाहाको उपचारका क्रममा वीरगञ्जस्थित ब्योधा अस्पताल आज साँझ ७:१५ बजे आसपासमा मृत्यु भएको प्रहरी प्रवक्ता न्यौपानेले भन्नुभयो।

घटनामा संलग्न भएको आशङ्कामा दुई स्थानीयलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता न्यौपानेले भन्नुभयो । अहिले सो क्षेत्रमा ब्यापक प्रहरी परिचालन गरी अपराधीलाई खोजतलास भइरहेको प्रहरीले जनाएको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/०२/३०

कास्की जिल्ला मौजे बाटुलेचौर १०/५ नं. का जि.मु लिलाधर रेग्मी जिम्मा १९९१ सालको पाखोतर्फको मोठ बमोजिम मोठ नं. ६८९ द्र.नं. २८ को संसेर बहादुर खवास को साविक दर्ता भिडाई लाल बहादुर खवासले लगत दिएको २०३२ सालको सर्भे नापीमा बाटुलेचौर ५ को कि.नं. २ क्षे.फ. ०-१५-१-० र कि.नं. २६ क्षे.फ ०-६-२-१ हाम्रा बाबु लाल बहादुर खवासको नाउँमा फिल्डबुकमा कायम भएको जग्गा बाबु लाल बहादुर खवासको मिति २०४७।०४।०१ मा मृत्यु भएको आमा लक्ष्मी खवासको मिति २०५८।०४।०५ मा मृत्यु भएकोले उक्त कि.नं. २ र कि.नं. २६ को जग्गा हामी हकदार छोराहरुका नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी पोखरा १६ कास्की बस्ने राम बहादुर खवास, लक्ष्मण खवास, किरण खवास, भरत बहादुर खवास र विन्धेश्वरी खवासले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दाबी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

जिल्ला	गा.वि.स.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	विरह	किसिम	फिल्डबुकको नाम
कास्की	बाटुलेचौर	५	२	०-१५-१-०	खर	चाहार	लाल बहादुर खबास
कास्की	बाटुलेचौर	५	२६	०-६-१-१	खर	चाहार	

ईति संवत २०८१ साल जेष्ठ ३० गते रोज ४ शुभम्।